


सुन चाँदी बजार मूल्य

| | |
|---|---|
| छापावाल प्रतितोला | ३,०६,६०० |
| चाँदी प्रतितोला | ५२९० |



## बजेट खर्चमा परराष्ट्र अब्बल,
# सहरी विकास र उद्योग सबैभन्दा कमजोर

काठमाडौँ, चालू आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समीक्षा अर्थात् पुस मसान्तसम्मको सरकारी खर्चको तथ्यांकले बजेट कार्यान्वयनको अवस्था निकै कमजोर र असन्तुलित देखाएको छ।

सरकारले मंगलबार सार्वजनिक गरेको ‘आर्थिक वर्ष २०८२/८३ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन’अनुसार संघ सरकारको बजेट खर्च ३५ र प्रदेशको बजेट खर्च १४ प्रतिशतमा खुम्चिएको छ। चालू आर्थिक वर्षका लागि कुल संघ सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड बजेट विनियोजन गरिएकामा पुस मसान्तसम्म छ खर्ब ९० अर्ब २१ करोड ७८ लाख खर्च भएको छ। जुन कुल बजेटको ३५ दशमलव १४ प्रतिशत हो। त्यस्तै, सातवटै प्रदेशको कुल बजेट दुई खर्ब ८७ अर्ब ७० करोड ३३ लाख रहेकामा पुस मसान्तसम्ममा १४ दशमलव १६ प्रतिशत मात्र खर्च भएको देखिएको छ।

संघीय विषयगत मन्त्रालयको खर्चको अवस्था हेर्दा थप नाजुक देखिन्छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २१ वटा मन्त्रालय र राष्ट्रिय योजना आयोग गरी २३ वटा संघीय निकायमध्ये पाँच वटाले मात्र आफ्नो वार्षिक विनियोजित बजेटको ४० प्रतिशतभन्दा बढी खर्च गर्न सकेका छन् भने १४ वटा मन्त्रालयको खर्च ३० प्रतिशतभन्दा तल छ। सबै मन्त्रालयको औसत खर्च दर करिब २८ प्रतिशत मात्र रहेको छ।

पुस मसान्तसम्ममा सबैभन्दा धेरै खर्च गर्ने मन्त्रालयका रूपमा परराष्ट्र मन्त्रालय देखिएको छ। यसको वार्षिक खुद बजेट नौ अर्ब एक करोड ७१ लाख रहेकामा पुस मसान्तसम्म पाँच अर्ब तीन करोड १७ लाख खर्च भएको छ। यसको खर्च दर ५५ दशमलव ८० प्रतिशत छ, जुन सबैभन्दा अगाडि हो। त्यसपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ६० अर्ब ५७ करोड छ लाखको वार्षिक बजेटमध्ये २८ अर्ब १० करोड दुई लाख बराबर खर्च गरेको छ। जुन वार्षिक विनियोजनको ४६ दशमलव ३९ प्रतिशत हुन आउँछ।

चालू आवका लागि रक्षा मन्त्रालयले ६३ अर्ब ३० करोड ६९ लाखको बजेट पाएकामा हालसम्म २९ अर्ब चार करोड ५५ लाख खर्च गरी ४५ दशमलव ८८ प्रतिशत प्रगति हासिल गरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ५० अर्ब ७० करोड २९ लाखको वार्षिक बजेट ल्याएकामा २१ अर्ब ७८ करोड २७ लाख खर्च गरेको छ। जुन वार्षिक विनियोजनको ४२ दशमलव ९६ प्रतिशत हुन आउँछ।

त्यस्तै, गृह मन्त्रालयले चालू आवका लागि दुई खर्ब ११ अर्ब ७५ करोड ८२ लाख बराबरको बजेटमध्ये पुस मसान्तसम्म ८९ अर्ब १७ करोड ९९ लाख खर्च गरी ४२ दशमलव ११ प्रतिशत लक्ष्य हासिल गरेको छ। राष्ट्रिय योजना आयोगले पाएको १७ करोड आठ लाखको बजेटमध्ये छ करोड ९८ लाख खर्च गर्दै ४० दशमलव ८७ प्रतिशत खर्च दर हासिल गरेको छ। यी निकाय अर्धवार्षिक समीक्षा अवधिसम्ममा ४० प्रतिशतभन्दा माथि खर्च गर्ने निकायमा परेका छन्।

त्यस्तै, ३० देखि ४० प्रतिशत खर्च गर्ने मन्त्रालयमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले सात अर्ब ४१ करोड ४१ लाखको वार्षिक बजेट ल्याएकामा दुई अर्ब ७३ करोड ६९ लाख खर्च गरी वार्षिक लक्ष्यको ३६ दशमलव ९१ प्रतिशत खर्च गरेको छ। अर्थ मन्त्रालयले ३९ अर्ब ५० करोड ६७ लाखको बजेट पाएकामा ३२ दशमलव ९८ प्रतिशत अर्थात् एक अर्ब ८० करोड २३ लाख खर्च गरेको छ। त्यस्तै, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ५६ अर्ब ३३ करोड ३५ लाखको वार्षिक विनियोजन गरेकामा पुस मसान्तसम्ममा १८ अर्ब ६३ करोड ७५ लाख मात्रै खर्च गर्न सकेको छ। यो वार्षिक विनियोजनको ३३ दशमलव ०८ प्रतिशत बराबर हो।

चालू आवका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सात अर्ब ८९ करोड १९ लाख बराबरको बजेट ल्याएकामा हालसम्म दुई अर्ब ५४ करोड खर्च गरी ३२ दशमलव १९ प्रतिशत प्रगति हासिल गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चालू आवको बजेट पाँच अर्ब ४६ करोड ५६ लाख रहेकामा पुस मसान्तसम्ममा एक अर्ब ८० करोड २३ लाख अर्थात् ३२ दशमलव ९८ प्रतिशत खर्च गरेको छ।

त्यस्तै, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले ५३ करोड ९४ लाखको वार्षिक बजेटमध्ये १६ करोड ८४ लाख खर्च गरेको छ। जुन वार्षिक विनियोजनको ३१ दशमलव २३ प्रतिशत हुन आउँछ। वन तथा वातावरण मन्त्रालयले पाएको १२ अर्ब १८ करोड ३२ लाख बजेटमध्ये पुस मसान्तसम्ममा तीन अर्ब ५९ करोड ८८ लाख खर्च गरी २९ दशमलव ५४ प्रतिशत प्रगति हासिल गरेको छ। ठूलो बजेट भएका तर खर्च अत्यन्त न्यून रहेका मन्त्रालयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अगाडि देखिन्छ। चालू आवमा यो मन्त्रालयको कुल बजेट एक खर्ब ५३ अर्ब ७८ करोड ६८ लाख रहेकामा पुस मसान्तसम्म केबल २७ अर्ब ८७ करोड २८ लाख मात्र खर्च भएको छ। यो मन्त्रालयको खर्च दर वार्षिक विनियोजनको १८ दशमलव १२ प्रतिशत मात्रै हुन आउँछ।

यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ४२ अर्ब ७७ करोड १५ लाख बराबरको वार्षिक बजेट ल्याएकामा हालसम्म सात अर्ब आठ करोड ३२ लाख खर्च गरेको छ। यो मन्त्रालयको पुस मसान्तसम्मको खर्च प्रगति वार्षिक विनियोजनको १६ दशमलव ५६ प्रतिशत बराबर मात्रै हो। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पाएको एक अर्ब ६३ करोड ७१ लाख बराबरको वार्षिक बजेटमध्ये २५ करोड ४८ लाख बराबर मात्रै खर्च भएको छ। जुन वार्षिक विनियोजनको १५ दशमलव ५६ प्रतिशत हुन आउँछ।

त्यस्तै, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सात अर्ब ५४ करोड दुई लाख बराबरको वार्षिक बजेट ल्याएकामा पुस मसान्तसम्ममा एक अर्ब १० करोड २५ लाख खर्च गर्दै १४ दशमलव ६२ प्रतिशत प्रगति हासिल गरेको छ। चालू आर्थिक वर्षका लागि युवा तथा खेलकुद मन्त्रालयले कुल विनियोजन पाँच अर्ब ७२ करोड २९ लाख बराबर थियो। जसमध्ये ७६ करोड ५१ लाख खर्च भई वार्षिक लक्ष्यको तुलनामा १३ दशमलव ३७ प्रतिशत खर्च भएको छ।

त्यस्तै, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सात अर्ब ६७ करोड २२ लाख बराबरको बजेट ल्याएकामा १३ दशमलव २८ प्रतिशत अर्थात् एक अर्ब एक करोड ९१ लाख खर्च भएको छ।

खानेपानी मन्त्रालयले पाएको २० अर्ब ७२ करोड ९८ लाख बराबरको बजेटमध्ये पुस मसान्तसम्ममा दुई अर्ब ४७ करोड ७८ लाख अर्थात् वार्षिक विनियोजनको ११ दशमलव ९५ प्रतिशत खर्च भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आठ अर्ब ९५ करोड १९ लाख बराबरको बजेट पाएकामा हालसम्म ७५ करोड ९६ लाख बराबर मात्र खर्च गर्दै आठ दशमलव ४८ प्रतिशत प्रगति हासिल गरेको छ।

सबैभन्दा न्यून खर्च गर्ने मन्त्रालय सहरी विकास मन्त्रालय बनेको छ। चालू आवका लागि यो मन्त्रालयको कुल बजेट ९१ अर्ब ३५ करोड चार लाख रहेकामा पुस मसान्तसम्म केबल पाँच अर्ब ७६ करोड ६७ लाख बराबर मात्रै खर्च भएको छ।

जुन वार्षिक विनियोजनको ६ दशमलव ३१ प्रतिशत मात्र हुन आउँछ। त्यस्तै, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले एक अर्ब ५३ करोड २८ लाख बराबरको वार्षिक बजेट पाएर अर्धवार्षिक समीक्षा अवधिसम्ममा ३१ करोड ३९ लाख खर्च गर्दै २० दशमलव ४८ प्रतिशत प्रगति हासिल गरेको छ।

विशेषगरी ठूलो बजेट भएका भौतिक पूर्वाधार, सहरी विकास, ऊर्जा, खानेपानी र उद्योग मन्त्रालयमा खर्च दर अत्यन्त न्यून हुनु विकास आयोजनामा ढिलाइ, ठेक्का प्रक्रिया, प्रशासनिक जटिलता र कार्यान्वयन क्षमतामा समस्या रहेको देखिन्छ।

खर्चको यही गति कायम रह्यो भने वर्षको अन्त्यतिर हतारमा खर्च गर्ने प्रवृत्ति बढ्ने र त्यसले गुणस्तरमा असर पर्ने जोखिम पनि उत्तिकै छ।

**Kispang Rural Municipality**
**Office of Rural Municipal Executive**
**Kahule, Nuwakot**
**Bagmati Province , Nepal**

**Re-Invitation For Sealed Quotation**

**(Electronic Bid Only)**
**Date of Publication: 2026/02/12**

Kispang Rural Municipality, Office of Rural Municipal Executive Kispang-3,Kaule, Nuwakot invites electronic Sealed Quotation from Eligible Bidders for the following supply and delivery of goods. Eligible bidders may obtain further more information and inspect the Sealed Quotation forms through PPMO e-GP system www.bolpatra.gov.np.

| Contract No | Description | Estimate Amount Without VAT | Bid Security Amount | Price of Bid Documents | Last Date of Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|
| KRM/SQ /GOODS/ 03/ 2082/83 | नियमित बाली संरक्षण प्राङगारिक/ रासायनिक बिषादी / सामाग्री खरिद | NRS: 799000 | 22000 | 1000 | 27-02-2026 12:00 PM | 27-02-2026 12:10 PM | |

**Chief Administrative Officer**

**Karnali Province Government**
**Ministry of Industry, Tourism, Forest and Environment**
**Province Forest Directorate**

**Division Forest Office**
**Dunai, Dolpa**

**Invitation for Electronic Bids**

**First Date of Publication: - 2082/10/29 (12th February, 2026)**
**Last Date of Bid Submission: - 2082/12/01 (15th March, 2026)**

1. The Division Forest Office, Dunai, Dolpa invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive bidding procedures specified in public procurement act and regulations. The name and identification of the contracts are as follows.

| S.N. | Contract ID No. | Descriptions of Works | Estimated Amount (WithVAT, PS) | Bid Security Amount (NRs) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | DFO/DOLPA/W/ NCB/03/2082/2083 | Chhachu Dekhi Ragabachila Mandir Samma Sidi Sahitko Paryatakiya Pathmarga Jagadulla-4, Dolpa | 2910000 | 80000 | 3000 |

2.Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Divion Forest Office, Dunai Dolpa,** and **Phone No. 9858391053, Email Address dfodolpa@gmail.com** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**(Divisional Forest Officer, Dolpa)**

## ‘ग्रे लिस्ट’मा नेपाललाई चुनौतीसँगै अवसर पनि : गभर्नर पौडेल



कीर्तिपुर (काठमाडौँ) नेपाल राष्ट्र बैंकका गभर्नर प्रा डा विश्वनाथ पौडेलले नेपाल अन्तरराष्ट्रिय वित्तीय निकाय फाइनान्सियल एक्सन टाक्सफोर्सको ‘ग्रे लिष्ट’ पर्नु चुनौती पूर्ण भए पनि मुलुकको सम्पत्ति शुद्धीकरण संयन्त्र सुधार्ने ठूलो अवसरका रूपमा लिनुपर्ने बताएका छन्। राष्ट्र बैंकको सम्पत्ति शुद्धीकरण रोकथाम तथा सुपरिवेक्षण विभागद्वारा आयोजित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादलाई वित्तीय सहयोगसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलनमा उहाँले यो हाम्रा लागि अवसरका रूपमा पनि रहेको बताए। ‘यसले हामीलाई आन्तरिक संयन्त्र सुदृढ, पारदर्शी र विश्वव्यापी मापदण्डअनुसार बनाउनुपर्ने पाठ सिकाएको छ’, उनले भने।अत्याधुनिक प्रविधि प्रयोग गरी वित्तीय अपराध गर्ने प्रवृत्ति बढ्दै गएको बताउँदै त्यसलाई नियन्त्रण गर्न सुपरिवेक्षण संयन्त्रलाई थप स्रोतसाधन सम्पन्न बनाउनुपर्ने पनि उनले बताए। ‘त्यसका लागि भोली समस्या परेपछि गरौँला भनेर वा घटनापछि प्रतिक्रियात्मक भएर हुँदैन, पूर्वतयारी गर्नुपर्छ’, उनले भने। कानुनी छिद्र प्रयोग गरी वित्तीय अपचलन र अपराध गर्ने चलन बढेकाले सबै यसप्रति सचेत हुनुपर्नेमा गभर्नर प्रा डा पौडेलले जोड दिए। मुलुकलाई स्वास्थ्य र शिक्षामा खर्च गर्नुपर्ने रकम यस्ताको रोकथाममा लगाउन बाध्य बनाउनुको साथै सामाजिक र वर्गीय विभेदलाई गहिराउने धारणा पनि उनको थियो। बिहीबारसम्म सञ्चालन हुने सम्मेलनमा नेपाल, भारत, श्रीलंका बंगलादेश र मंगोलियाका केन्द्रीय बैंकका अधिकारीहरू सहभागी छन्।

### नेपाल राष्ट्र बैंकले तोकेको विनियम दर

स्रोत : नेपाल राष्ट्र बैंक

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४६.१३ | १४६.७३ |
| युरो | १ को | १७३.४१ | १७४.१२ |
| पाउण्ड स्टलिङ | १ को | २००.३३ | २०१.१५ |
| स्विस फ्रैन्क | १ को | १८८.४५ | १८९.२२ |
| अष्ट्रेलियन डलर | १ को | १०१.७३ | १०२.१५ |
| क्यानाडियन डलर | १ को | १०७.२२ | १०७.६६ |
| सिंगापुर डलर | १ को | ११५.०३ | ११५.५ |
| जापानी येन | १० को | ९.४४ | ९.४८ |
| चिनियाँ युआन | १ को | २१.०५ | २१.१३ |
| साउदी अरब रियाल | १ को | ३८.९६ | ३९.१२ |
| कतारी रियाल | १ को | ४०.१ | ४०.२६ |
| थाई भाट | १ को | ४.६३ | ४.६५ |
| दिराम | १ को | ३९.७८ | ३९.९५ |
| मलेसियन रिंगिट | १ को | ३७.०७ | ३७.२२ |
| दक्षिण कोरियन वन | १०० को | १०.०८ | १०.१२ |
| स्विडिस क्रोनर | १ को | १६.४ | १६.४७ |
| डेनिस क्रोनर | १ को | २३.२२ | २३.३१ |
| हङकङ डलर | १ को | १८.७१ | १८.७९ |
| कुवेती दिनार | १ को | ४७८.६४ | ४८०.६१ |
| बहराइन दिनार | १ को | ३८७.६१ | ३८९.२ |
| ओमनी रियाल | १ को | ३७९.५८ | ३८१.१४ |